स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.
Swabalamban Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको)

केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौं ।
फोन ०१-४५३४९२१/२२, ४५२८४८१
Central Office: Kamalpokhari, Kathmandu
Tel-1-4534921/22, 4528481
E-mail: info@ swbbl.com.np
Web Site: www.swbbl.com.np

च.नं.: ४०५

मिति: २०८३/०५/०१

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

विषय :- त्रैमासिक प्रतिवेदन पठाएको सम्बन्धमा ।

महोदय,

धितोपत्र दर्ता तथा निष्काशन नियमावली (पहिलो संशोधन), २०७३ को अनुसूची-१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित) अनुसारको यस वित्तीय संस्थाको आ.व.२०८२/८३ को चौथो त्रैमासिक प्रतिवेदन तयार भई मिति २०८३/०४/३० को नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि सो को विवरण यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गर्दछौं ।

भवदीय,

ज्ञानेन्द्र कुमार सिंह
अनुपालन अधिकृत

बोधार्थ

१. श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरबार प्लाजा काठमाडौ ।
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक काठमाडौ ।
३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौ ।

SWABALAMBAN LAGHUBITTA BITTIYA SANSTHA LTD.

Central Office, Kathmandu

Interim Financial Statements

Unaudited Condensed Statement of Financial Position
As on Quarter ended 32nd Ashad, 2083

Particulars	Amount in NPR	
	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash and Cash Equivalent	1,078,996,372	817,071,000
Statutory Balances and Due from Nepal Rastra Bank	113,259,243	96,095,022
Placement with Bank & Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loan and Advances to MFIs & Cooperatives	-	-
Loans And Advances to Customers	25,685,918,987	21,662,291,299
Investment Securities	933,837	1,195,691
Current Tax Assets	44,544,022	3,711,818
Investment Property	-	-
Property and Equipment	279,796,780	286,577,871
Goodwill and Intangible Assets	1,302,095	1,103,708
Deferred Tax Assets	461,380,818	439,981,525
Other Assets	426,736,340	442,022,671
Total Assets	**28,092,868,493**	**23,750,050,605**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instrument	-	-
Deposits from Customers	18,086,376,762	15,859,664,483
Borrowing	5,413,138,246	3,800,865,809
Current Tax Liabilities	-	-
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other Liabilities	359,843,739	359,244,680
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**23,859,358,747**	**20,019,774,972**
Equity		
Share Capital	1,750,000,000	1,656,625,000
Share Premium	868,762	868,762
Retained Earning	503,910,036	256,731,006
Reserves	1,978,730,949	1,816,050,865
Total Equity	**4,233,509,747**	**3,730,275,633**
Total Liabilities and Equity	**28,092,868,493**	**23,750,050,605**
Contingent liabilities and commitment	6,415,519	6,415,519
Net assets value per share	241.91	225.17

Unaudited Condensed Statement of Profit or Loss
For the Quarter ended 32nd Ashad, 2083

Particulars	Amount in NPR			
	This Quarter Ending		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter	This Quarter	Upto this Quarter
Interest Income	1,087,151,790	3,656,323,851	958,940,065	3,270,323,768
Interest Expense	427,411,595	1,585,117,724	379,985,846	1,437,315,363
Net interest income	**659,740,196**	**2,071,206,127**	**578,954,220**	**1,833,008,405**
Fees and Commission Income	87,758,178	373,234,771	136,613,894	365,247,276
Fees and Commission Expense	433,559	568,081	1,732,453	1,786,882
Net fee and Commission income	**87,324,619**	**372,666,690**	**134,881,441**	**363,460,394**
Net interest fee and commission income	**747,064,815**	**2,443,872,817**	**713,835,661**	**2,196,468,799**
Net Trading Income	-	-	-	-
Other Operating Income	109,194	790,794	-37,987,217	363,305
Total operating income	**747,174,009**	**2,444,663,611**	**675,848,444**	**2,196,832,104**
Impairment charge/(reversal) for loans and other losses	(129,150,883)	289,571,016	(112,590,695)	497,522,158
Net Operating income	**876,324,893**	**2,155,092,596**	**788,439,139**	**1,699,309,947**
Operating expenses				
Personnel Expense	323,358,462	1,014,232,638	262,118,337	915,730,169
Other Operating Expenses	42,876,444	129,249,552	31,743,576	97,499,047
Depreciation and amortisation	13,696,580	54,457,297	16,750,349	56,580,369
Operating Profit	**496,393,406**	**957,153,109**	**477,826,877**	**629,500,363**
Non operating income	86,587	363,387	38,900	20,098,006
Non operating expense	-	-	-	-
Profit before income tax	**496,479,993**	**957,516,496**	**477,865,777**	**649,598,369**
Income tax expense	199,449,150	337,760,101	186,547,863	238,067,641
Current tax	209,474,384	347,785,335	51,519,777	340,789,014
Deferred tax Expense/(Income)	(10,025,234)	(10,025,234)	-	(102,721,373)
Profit for the Year	297,030,843	619,756,395	291,317,914	411,530,729
Profit attributable to:			-	-
Equity holders of the Financial Institution	297,030,843	619,756,395	291,317,914	411,530,729
Profit for the Year	**297,030,843**	**619,756,395**	**291,317,914**	**411,530,729**
Earnings per share:				
Basic earnings per share		35.41		25.93
Annualised earnings per Share		35.41		25.93

Statement of Other Comprehensive Income
For the Quarter ended 32nd Ashad, 2083

Particulars	Amount in NPR			
	This Quarter Ending		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter	This Quarter	Upto this Quarter
Profit for the Year	**297,030,843**	**619,756,395**	**291,317,914**	**411,530,729**
Other comprehensive income, net of income tax				
a) Items that will not be reclassified to profit or loss				
▪ Gains/(losses) from Investment in Equity Instruments measured at Fair Value	(261,854)	(261,854)	395,691	395,691
▪ Gains/(Losses) on Revaluation		-	-	-
▪ Acturial Gains/(Losses) on Defined Benefit Plans	(37,651,677)	(37,651,677)	(96,727,543)	(96,727,543)
▪ Income Tax Relating to above Items	11,374,059	11,374,059	28,899,556	28,899,556
Net Other Comprehensive Income that will not be Reclassified to Profit or Loss	**(26,539,472)**	**(26,539,472)**	**(67,432,296)**	**(67,432,296)**
b) Items that are or may be Reclassified to Profit or Loss	-			
▪ Gains/(Losses) on Cash Flow Hedge	-			
▪ Exchange Gains/(Losses)(arising from translating Financial Assets of Foreign Operation)	-			
▪ Income Tax relating to above Items	-			
▪ Reclassify to Profit or Loss	-			
Net Other Comprehensive Income that are or may be Reclassified to Profit or Loss	**-**	**-**	**-**	**-**
Other Comprehensive Income for the year, Net of Income Tax	(26,539,472)	(26,539,472)	(67,432,296)	(67,432,296)
Total Comprehensive Income for the Year	270,491,371	593,216,923	223,885,618	344,098,432
Total Comprehensive Income for the Period	**270,491,371**	**593,216,923**	**223,885,618**	**344,098,432**

Ratio as per NRB Directives

Particulars	Current Year	Previous Year Corresponding
	Upto This quarter	Upto This quarter
Capital fund to RWA	11.39%	11.56%
Non-Performing Loan(NPL) to total loan	8.92%	9.49%
Total loan loss provision to Total NPL	114.10%	111.01%
Cost of Funds	7.34%	7.71%
Credit to Deposit and borrowing Ratio	118.73%	120.98%
Base Rate	12.00%	13.68%
Interest Rate Spread	7.27%	7.26%

Statement of Distributable Profit or Loss
For the Quarter ended 32nd Ashad, 2083
(As per NRB Regulation)

Particulars	Current Year Upto This Qtr YTD
Particulars	
Net Profit or (Loss) as per statement of Profit or Loss	**619,756,395**
Appropriations:	
a. General Reserve	(123,951,279)
b. Foreign Exchange Fluctuation Fund	-
c. Capital Redemption Reserve	-
d. Corporate Social Responsibility Fund	(6,197,564)
e. Employees' Training Fund	(2,201,152)
f. Client Protection Fund	(12,395,128)
g. Other	-
Restructure/Reschedule Provision Write back	6,119,534
Staff Welfare Fund	-
Profit or (loss) before regulatory adjustment	**481,130,806**
Regulatory adjustment :	
a. Interest receivable (-)/previous accrued interest received (+)	(22,449,999)
b. Short loan loss provision in accounts (-)/reversal (+)	-
c. Short provision for possible losses on investment (-)/reversal (+)	-
d. Short loan loss provision on Non Banking Assets (-)/reversal (+)	-
e. Deferred tax assets recognised (-)/ reversal (+)	(21,399,293)
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)	-
g. Bargain purchase gain recognised (-)/resersal (+)	-
h. Acturial loss recognised (-)/reversal (+)	(26,356,174)
i. Other (+/-)	(183,298)
Net Profit for the year end available for distribution	**410,742,042**
Opening Retained Earning as on Shrawan 1st	256,731,005
Adjustment (+/-)	**-**
Retained Earning from Previous year	-
Expense for CSR	2,099,488
Distribution:	**669,572,536**
Bonus Share issued	(93,375,000)
Cash Dividend Paid	(72,287,500)
Total Distributable Profit or (loss) as on year end date	**503,910,036**
Annualised Distributable Profit/Loss per share	28.79

Notes:

1. Above financial statements are prepared in accordance with Nepal Financial Reporting Standards(NFRS) and certain Carve-outs issued by the Institute of Chartered Accountants of Nepal (ICAN).These figures may vary at the instances of statutory auditors and regulators.
2. The detailed interim financial report has been published in the website (www.swbbl.com.np)
3. Loans and Advances are presented net of impairment charges and includes staff loans.
4. Personnel Expenses also include employee's bonus provision.
5. Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison.
6. The above figures are subject to change upon otherwise as per the direction of the Regulators and/or Statutory Auditor.
7. The Financial Institution has calculated Expected Credit Loss figures with implememtation of Expected Credit Loss Model being in lined with relevant applicable standards and regulatory direction. Though the financial institution has recorded higher loan loss provision as per NRB's norms.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची – १४(नियम ३६ को उपनियम (१) सँग सम्बन्धित)

आ.व. २०८२/८३ को चौथो त्रैमासिक विवरण

१. वित्तीय विवरण :

(क) नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप चौथो त्रैमासिक अवधिसम्मको वासलात तथा नाफा नोक्सान हिसाब सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरु:

प्रति शेयर आम्दानी	(मूल्य आम्दानी अनुपात) P/E ratio	प्रति शेयर नेटवर्थ	प्रति शेयर कूल सम्पत्तिको मूल्य	तरलता अनुपात
रु. ३५/४१	१८/१६	रु. २४१/९१	रु १,६०५/३१	४.४७%

२. व्यवस्थापकीय विश्लेषण :

(क) यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :
चालु आ.व.२०८२/८३ को चौथो त्रैमासिक अवधिमा तुलनात्मक रुपमा अघिल्लो आ.व. को सोही अवधिको अवस्थाको तुलनामा केही सहजता भएकोले वित्तीय संस्थाको कारोवारमा सुधार भई व्यवसाय विस्तार तथा आम्दानीमा वृद्धि भएको छ। लघुवित्त क्षेत्रमा देखिएका समस्याहरु क्रमशः सुधारन्मुख भई चालु आ.व.२०८२/८३ को चौथो त्रैमासिक अवधिसम्म संस्थाको कोषको लगतमा कमीका साथै खुद मुनाफा समेत वृद्धि भएको छ। व्यवस्थापनले लघुवित्त क्षेत्रमा देखिएका वाह्य जोखिम, कर्जा जोखिम तथा तरलता जोखिमको विश्लेषण गर्दै वित्तीय कारोवारहरु संचालन गर्दै आइरहेको छ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**
राष्ट्रिय स्तरको यस वित्तीय संस्थाले गरीबी मुक्त समृद्ध समाज स्थापना गर्ने परिकल्पना साथ विपन्न वर्ग, समुदायलाई लघुवित्त सेवामा सहज पहुँच विस्तार गरी ग्रामीण तथा शहरी विपन्न वर्गको आर्थिक सामाजिक अवस्था सुधारका लागि स्थानीय श्रोत साधन तथा सीपको भरपुर उपयोग गरी देशभर लघुवित्त सेवा क्रमशः विस्तार गर्दै गएको छ। हाल ६१ जिल्लाका १४५ वटा शाखा कार्यालय मार्फत २ लाख ७२ हजार ३० विपन्न परिवारको घरमा लघुवित्त सेवा प्रदान गरिरहेको छ। यस चौथो त्रैमासिक समीक्षा अवधिमा लगानीमा रहिरहेको कर्जा रु. ९७ करोड ८० लाख ३ हजारले वृद्धि भई रु. २७ अर्ब ९० करोड १० लाख ५५ हजार र बचत रु. ६८ करोड ६ लाख २ हजारले वृद्धि भई रु १८ अर्ब ८ करोड ६३ लाख ७७ हजार पुगेको छ। संस्थाले नवीनतम सूचना प्रविधिको प्रयोग गरी छिटो छरितो र विश्वसनीय एवं दीगो सेवा प्रदान गर्दै कार्यक्रम विस्तारमा अग्रसर रहेको छ। संस्थाले कृषि, पशुपालन, सेवा व्यवसाय तथा लघुउद्यम व्यवसाय सञ्चालनको लागि विशेष गरी महिलाहरुलाई केन्द्रीत गरी लघुउद्यमी विस्तार गर्दै उत्तरदायी लघुवित्त सेवा उपलब्ध गराउँदै आएको छ। साथै, समय सापेक्ष ग्राहकको चाहना अनुसार सेवा तथा सुविधाहरुमा परिष्कृत गर्दै लैजान व्यवस्थापन प्रतिवद्ध रहेको छ।

(ग) आगामी दिनमा कार्यक्रम विस्तार गर्दा लघुवित्त सेवाको पहुँच कम भएका क्षेत्रहरुलाई विशेष प्राथमिकता दिइने योजना रहेको छ।

(घ) प्रभावकारी व्यवस्थापन सूचना प्रणाली तथा आन्तरिक नियन्त्रण प्रणालीको आधारमा वित्तीय संस्थाले आफ्नो सेवालाई अझ् वढी ग्राहकमैत्री बनाउँदै मुलुकको एक नेतृत्वदायी लघुवित्त वित्तीय संस्थाको रुपमा स्थापित हुने लक्ष्य लिएको छ। यसको लागि कर्मचारी तथा ग्राहकको क्षमता अभिवृद्धिमा अझ वढी ध्यान दिइनेछ।

(ङ) **विगतको अनुभवबाट वित्तीय संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना वा अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :** हालको परिस्थितिमा सम्पूर्ण बैकिङ प्रणालीमा लगानी योग्य रकम बढीरहेकोले लगानीका क्षेत्रहरु संकुचित हुन सक्ने देखिन्छ। यसका साथै लघुवित्त संस्थाहरुका विरुद्धमा हुने गरेका अराजक समूहका क्रियाकलाप र लघुवित्त संस्थाहरु बीचको अस्वस्थ प्रतिस्पर्धा, सदस्यहरुको दोहोरोपना (बहुबैकिङ्ग) सम्बन्धी नियामक निकायको निर्देशन आदि कारणले वित्तीय संस्थाको व्यवसाय वृद्धि र नाफामा नकारात्मक प्रभाव पर्न सक्ने महसुस भएकोले सोको उचित व्यवस्थापन गर्ने प्रयास गरिदै आएको छ।

३. कानुनी कारवाही सम्बन्धी विवरण :

(क) यस वित्तीय संस्था पक्ष/विपक्ष रही श्री सर्वोच्च अदालतमा २४ जना पूर्व कर्मचारीहरुको मुद्दा विचाराधिन अवस्थामा रहेको छ।

(ख) वित्तीय संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

४. संगठित संस्थाको सेयर कारोवार सम्बन्धी विश्लेषण :

(क) धितोपत्र बजारमा भएको यस संस्थाको शेयरको कारोबारमा समय समयमा उतार चढाव देखिएता पनि कारोवारको अवस्था भने सन्तोषजनक रहेको छ।

(ख) नेपाल स्टक एक्स्चेन्ज लि.को वेभसाईट www.nepalstock.com.np अनुसार समीक्षा अवधिमा वित्तीय संस्थाको शेयरको कारोबार निम्नानुसार रहेको पाइएको छ ।

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य :	कारोबार भएको कूल दिन	कारोबार संख्या
रु. ७९५/-	रु. ६३१/-	रु. ६४३/-	६४	४,७२७

५. समस्या तथा चुनौती :

हाल बैकिङ प्रणालीमा लगानी तथा कर्जा असुलीको समस्या बढ्दै जानु, सदस्यहरुको बहुबैकिङ्ग कारोबार, बैंक तथा वित्तीय संस्थाहरुबाट उपलब्ध हुने विपन्न वर्ग कर्जाको उपलब्धता, नियमनकारी निकायबाट अप्रत्याशित रुपमा हुन सक्ने नीतिगत परिवर्तन र सोबाट हुन पर्न सक्ने असर तथा लघुवित्त संस्थाहरु विरुद्ध भइरहेका अराजक क्रियाकलाप वित्तीय संस्थाका समस्या तथा चुनौतिका रुपमा रहेका छन्। वित्तीय संस्थामा रहेको जनशक्तिको उचित व्यवस्थापन, तालिम र समयानुकूल व्यवसायिक रणनीति अपनाई वित्तीय संस्थाले प्रदान गर्ने सेवालाई नविन प्रविधिको प्रयोगबाट प्रभावकारी तुल्याई विविधिकरण गर्दै खर्चमा मितव्ययिता अपनाइने छ।

६. संस्थागत सुशासन :

नेपाल राष्ट्र बैंकबाट संस्थागत सुशासन अभिवृद्धिका लागि जारी गरिएका निर्देशनहरुको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितो पत्र ऐन २०६३ लगायत अन्य ऐन नियमहरुको पालना गरिनुका साथै वित्तीय संस्थाबाट प्रबन्ध पत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा अपलेखन विनियमावली, आन्तरिक लेखापरीक्षण निर्देशिका, बचत तथा कर्जा व्यवस्थापन निर्देशिका, सूचना प्रविधि निर्देशिका, सम्पत्ति तथा दायित्व व्यवस्थापन नीति, लगानी नीति, कर्जा नीति बनाई लागू गरिएको छ। साथै, आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ गर्न लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पत्ति शुद्धीकरण अनुगमन समितिले सक्रिय रुपले कार्य गरिरहेका छन्।

७. सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।